# पर्यटनमा समावेशिताका लागि होमस्टे पर्यटन



विश्वराज सुवेदी
महासचिव, चितवन पर्यटन विकास समिति

भौगोलिक दृष्टिले विश्व मानचित्रमा नेपाल सानो भए तापनि प्राकृतिक तथा मानव निर्मित सम्पदाले सम्पन्न छ । हिमाल, पहाड र तराईको ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरू, सगरमाथा, लुम्बिनी, पशुपतिनाथ तथा चितवन राष्ट्रिय निकुञ्ज जस्ता विश्व प्रख्यात गन्तव्य स्थलहरू, नदीनाला, तालतलैया, वन जङ्गल, वनस्पति, वन्यजन्तु, चराचुरुङ्गी, वास्तुकला, विविध मौलिक संस्कृति, वेशभूषा, भाषा, धर्म, रीति रिवाज, लोक परम्परा, लोकबाजा, नाचगान लगायत मानव निर्मित कैयौं सम्पदाहरू नै पर्यटन विकासका आधार हुन् ।



नेपालमा राणा शासनको अन्त्यपछि सन् १९५० बाट विश्व पर्यटन बजारमा ढोका खोलिएको हो भने सरकारले तेस्रो आवधिक योजना (१९६५-७०) देखि पर्यटन क्षेत्रलाई प्राथमिकता दिन थालेको देखिन्छ । पर्यटन विकासको इतिहासलाई हेर्दा बन्द, हडताल, नाकाबन्दी, जनयुद्ध, मन्दी, भूकम्प, राजनैतिक अस्थिरता आदि कारणले यस क्षेत्रमा उल्लेखनीय उपलब्धि भएको देखिँदैन तापनि उद्योग र वाणिज्यको क्षेत्रमा प्रतिस्पर्धा गर्न नसक्ने नेपालले विश्वव्यापीकरणद्वारा सृजित उदारीकरण र प्रतिस्पर्धात्मक बजारमुखी अर्थतन्त्रबाट फाइदा लिने एक मात्र विकल्प पर्यटन क्षेत्र हो । विश्वको कुल क्षेत्रफलको ०.१ प्रतिशत क्षेत्रफल ओगटेको नेपाल जैविक विविधतामा सम्पन्न छ । जहाँ विश्वको माछा १५, उभयचर १५, फुल २.७५, पुतली ४५, स्तनधारी ४.५५, र चरा ९.३५ प्रजातिका पाइन्छन् । त्यसै गरी दुलर्भ पाटेबाघ १९८, गैंडा ६४५ तथा कयौँ हात्ती एवम् गोहीहरू देख्न सकिन्छ । नेपालमा उपलब्ध विशिष्ट स्रोत र श्रमलाई मध्यनजर गर्दा यी साधनहरूलाई पर्यटकीय प्रयोजनमा ल्याउन सकिने देखिन्छ ।

पटक पटक गरिएको राजनैतिक परिवर्तन र चेतना अभिवृद्धिले खाना, नाना र छानाको व्यवस्था हुन सक्दैन त्यसैले आर्थिक समृद्धिको मार्गमा नेपाललाई अगाडि बढाउन ग्रामीण पर्यटनको रूपमा होमस्टे पर्यटन प्रवर्द्धन गर्नु पर्दछ । मूर्त तथा अमूर्त सम्पदाहरू, जैविक विविधता, मिलनसार व्यवहार, आदर, सत्कारको विशिष्ट परम्परा, अधिकांश जनता ग्रामीण क्षेत्रमा बसोबास गर्ने भएकोले नेपालका हरेक जिल्लामा जातजातिका होमस्टे सञ्चालन गरी पर्यटन क्षेत्रमा सबै जनताका समावेशिता सुनिश्चित गर्न सकिन्छ ।

## होमस्टे पर्यटनको अवधारणा

आन्तरिक तथा बाह्य पर्यटकलाई स्थानीय तहमा खानपिन तथा बसोबासको व्यवस्था गर्दै पर्यटकीय क्रियाकलापमा सहभागी गराउन सामूहिक वा निजी रूपमा सञ्चालन गरिने सेवा नै होमस्टे हो । मौलिक संस्कृति, परम्परा, वेशभूषा, रहनसहन आदि सांस्कृतिक सम्पदा पस्कँदै गन्तव्य स्थलमा भएका अन्य आकर्षण सम्पदाहरूको अवलोकन गराई पाहुनालाई सर्वसुलभ, मनोरञ्जन प्रदान गरिने आर्थिक क्रियाकलापहरूलाई होमस्टे पर्यटन भनिन्छ ।

नेपाल सरकार, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले ग्रामीण पर्यटनलाई प्रोत्साहन गर्न, पर्यटन क्षेत्रको विविधीकरण र विस्तारद्वारा सर्व साधारणलाई गरिबी निवारण कार्यक्रमसँग आबद्ध गरी उनीहरूको

जीवन स्तरमा सुधार गर्न नेपाल पर्यटन वर्ष २०११ को सन्दर्भलाई समेत दृष्टिगत गरी थप पर्यटकलाई बसोबास व्यवस्था गर्न होमस्टे दर्ता प्रक्रिया सुरु गरेको छ । ग्रामीण क्षेत्रका स्थानीय जनतामा स्वरोजगारका अवसर सिर्जना हुने तथा आम्दानी वृद्धिको माध्यमबाट जीवन स्तरमा सुधार ल्याउने प्रकृतिका ग्रामीण पर्यटन पूर्वाधारको दिगो विकास गर्ने, ग्रामीण पर्यटनको माध्यमबाट विपन्न, महिला, मधेसी आदिवासी जनजाति र लक्षित वर्गको समेत संलग्नता रहने गरी पर्यटन व्यवसायबाट प्राप्त हुने लाभलाई समुदायको पहुँचभित्र ल्याउने संरचनाको निर्माण र विकास गर्ने पर्यटन नीति अनुसार विभिन्न स्थानमा होमस्टे सञ्चालन गर्न होमस्टे कार्यविधि २०६७ जारी गरेको छ ।

ग्रामीण क्षेत्रका जनतालाई पर्यटन सेवामा सहभागी बनाउन कम्तीमा ५ जना अलग परिवारले सामुदायिक होमस्टे र निजीस्तरमा निजी होमस्टे सञ्चालन गर्ने व्यवस्था गरिएको छ । आफ्नो भौगोलिक क्षेत्रमा भएका विभिन्न पर्यटकीय क्रियाकलापहरूमा पर्यटकलाई घुम्ने अवसर प्रदान गर्न होमस्टे उत्तम बसोबास स्थल हो । यसबाट रोजगारी आय आर्जन, बचत तथा लगानी, हस्तकलाको विकास संस्कृति आदान प्रदान जीवनशैलीमा वृद्धि, वातावरण स्वच्छ दुर्लभ वन्यजन्तु चराचुरुङ्गी तथा जैविक विविधताको संरक्षण एवम् प्रवर्द्धन हुन्छ । यिनै सांस्कृतिक विविधता, प्राकृतिक सौन्दर्य र शान्त वातावरणमा स्थानीय जनताको आतिथ्य प्राप्त गरी ग्रामीण वातावरणको जानकारी प्राप्त गर्ने सशुल्क बसाइलाई होमस्टे वा घरबास पर्यटन भनिन्छ ।

**नेपालमा होमस्टेको सम्भावना**

पर्यटन विकासका लागि आवश्यक पर्ने आकर्षण, पहुँच, आवास, मनोरञ्जन जस्ता तत्त्वहरू नेपालका अधिकांश ग्रामीण क्षेत्रमा विद्यमान भएको तथा यहाँको भौगोलिक बनोट, एवम् जातिगत विविधता, जीवन्त स्थानीय कला एवम् सांस्कृतिक आकर्षणहरू भएकोले नेपालमा होमस्टे पर्यटनको प्रचुर सम्भावना रहेको देखिन्छ ।

परम्परागत शैलीका फरक फरक बनोटका घरहरू, पर्यटनप्रति जनताको सचेतना, आदर सत्कारको विशिष्ट परम्परा, गाउँसम्म पुग्ने मोटर बाटोदेखि पैदल मार्ग, ग्रामीण वातावरणको रसास्वादन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटक, पर्यटन क्षेत्रबाट विभिन्न फाइदाहरू प्राप्त हुने हुँदा ग्रामीण गन्तव्य स्थलमा होमस्टेको सङ्ख्या बढ्दै गएको छ ।

**चुनौतीहरू**

नेपालमा सहज रूपमा होमस्टे विकास हुन सकेको छैन । कतिपय स्थानमा मापदण्ड अनुरूप होमस्टे सञ्चालन नहुनु, गुणस्तरीय आतिथ्य प्रदान गर्न नसक्नु, भाषाको समस्या, सीमित पर्यटकीय क्रियाकलाप, सरसफाइमा विशेष ध्यान दिन नसक्नु, स्थानीय उत्पादनभन्दा सहरी खानेकुरा खुवाउनु, स्थानीय नाचगान, लोकबाजाको सट्टा आधुनिक गीतहरूमा रमाइलो गर्नाले होमस्टे सेवा छोटो अवधिमै चुनौतीपूर्ण भएको छ ।

होमस्टे पर्यटन विकासबाट आर्थिक, सामाजिक तथा वातावरणको क्षेत्रमा नकारात्मक प्रभाव पर्दछ । महङ्गी बढ्ने, संस्कृतिको लोप हुने, देखासिकी बढ्ने, अपराध वृद्धि, लागु पदार्थ सेवन, प्रदूषण वृद्धि, दुर्लभ वस्तुहरूको चोरी निकासी जस्ता विकृति बढी यसले समाजलाई नै नकारात्मक असर पुऱ्याउँदछ । देश विदेशका पाहुना आगमनको लागि भौतिक पूर्वाधारको कमी, कठिन दर्ता प्रक्रिया कमजोर बजारीकरण र प्रवर्द्धनात्मक कार्यक्रम अस्वस्थ प्रतिस्पर्धा, नाफाको असमान वितरण, क्षमता अभिवृद्धि तालिमको कमी, अर्गानिक उत्पादनमा ह्रास, स्थानीय हस्तकलाका सामग्री उत्पादन तथा विक्रय व्यवस्थापनमा कठिन, सरोकारवालाबाट प्रभावकारी अनुगमनको कमी आदि यसका चुनौतीहरू हुन् ।

**सुझावहरू**

आर्थिक कारणले पलायमान भएका युवालाई स्वदेशमा अवसर प्रदान गरी समृद्ध राष्ट्र निर्माण गर्न सकिन्छ । केवल नेता र राजनीतिलाई दोष दिएर उपलब्धि प्राप्त हुँदैन । प्रत्येक युवाले आफूले गर्न सक्ने क्षेत्रमा केही जोखिम वहन गरी अगाडि बढ्नु पर्दछ । थोरै पुँजी र साधारण सिपबाट आय आर्जन गर्न सकिने कृषिजन्य उत्पादन, फलफूल, गाई, माछा, कुखुरा पालन जस्ता क्षेत्र जस्तै थोरै तालिम लिएर दिगो आम्दानी गर्न सकिने सरल व्यवसाय होमस्टे पर्यटन हो । यसबाट सम्पदाहरूको संरक्षणबारे जन चेतना अभिवृद्धि गर्न सकिन्छ ।

होमस्टे पर्यटनलाई प्रभावकारी बनाउन माथि उल्लिखित चुनौतीहरूको सरोकार पक्षद्वारा समाधान गर्नु पर्दछ । युवाहरूलाई तालिम प्रदान गरी प्रोत्साहनमूलक कार्य गर्नु पर्दछ । पर्यटकलाई मनोरञ्जन प्रदान गर्न पर्यटकीय क्रियाकलाप वृद्धि गर्नु पर्दछ । पुराना खेलहरूमा

पर्यटकलाई सहभागी बनाउने, पदयात्रा, दृश्यावलोकन, वन्यजन्तु तथा चराचुरुङ्गी अवलोकन, सङ्ग्रहालय तथा हस्तकला सामग्री केन्द्रको स्थापना, चौतारी एवम् पर्यटक विश्राम स्थल निर्माण जस्ता कार्य गर्नु पर्दछ । सरकारले सहज दर्ता प्रक्रिया बनाई जाति विशेषको बाहुल्य भएको स्थानलाई विशेष सुविधा प्रदान गर्नु पर्दछ । प्रभावकारी बजारीकरण र गुणस्तरीय सेवाबाट गाउँ गाउँका होमस्टेको प्रवर्द्धन गर्नु पर्दछ । यसरी नै सहर र गाउँको होमस्टे वर्गीकरण गरी समुदायमा आधारित पर्यटनलाई प्राथमिकता दिनु पर्दछ । यसका लागि समुदाय पर्यटन विकास कोष निर्माण गर्नु पर्दछ । होमस्टे सञ्चालकलाई अध्ययन, अवलोकन भ्रमण गराई क्षमता अभिवृद्धि तालिम प्रदान गर्नु पर्दछ । सस्तो व्याजदरमा ऋण प्रवाह गरी योजनाबद्ध तरिकाले होमस्टे पर्यटनको विकास गर्न सकिन्छ ।

## निष्कर्ष

युवाहरूको रगत र पसिना स्वदेशकै माटोमा सिञ्चित गर्न, आर्थिक क्षेत्रमा भएको सीमित व्यक्तिको एकाधिकार अन्त्य गर्न, कला संस्कृति, भाषा आदिको संरक्षण गर्न, रोजगारीका अवसर प्रदान गरी खाना, नाना र छानाको व्यवस्था गर्न होमस्टे पर्यटन वरदान नै साबित भएको छ । हिमाल निकट, पहाडी क्षेत्रदेखि तराईका फाँटहरूसम्म रहेका हिरारूपी सुन्दर गाउँ नै गाउँले बनेको अनुपम सम्पदाले सम्पन्न नेपालमा दिगो आर्थिक विकासको सुरूवात गर्न होमस्टे पर्यटन कोसेढुङ्गा हुने देखिन्छ । धार्मिक सहिष्णुता, मेलमिलाप र सत्कारमा विश्वमाझ अग्रणी स्थान भएको नेपाली जनताले शताब्दीयौँदेखि 'अतिथिदेवो भव' भन्ने भावना लिएकाले जुनसुकै गाउँमा पुग्दा पर्यटकले अविस्मरणीय र आत्मीय सत्कार पाउँदछन् । आर्थिक असमानता एवम् सीमित वर्गको उन्नतिले देशमा दिगो शान्ति र विकास नहुने हुँदा पर्यटनको प्रतिफल ग्रामीण क्षेत्रसम्म उपलब्ध गराई आर्थिक उन्नति गर्न होमस्टेको विकास गर्नु अपरिहार्य देखिन्छ । त्यसैले अलग अलग जीवन शैली एवम् रोजाइ भएका आन्तरिक तथा बाह्य पर्यटकका लागि दुर्गम तथा पिछडिएका क्षेत्रमा समेत जातजातिका होमस्टे सञ्चालन गरी साँचो अर्थमा समावेशी पर्यटनको विकास गर्न सकिन्छ ।

## सन्दर्भ सामग्रीहरू


अधिकारी, सि.बी. "होहल्ला र होडबाजीमै अल्मलिएको छ नेपालको होमस्टे", सञ्चारपत्र दैनिक (पे.२), २०७२-०१-०३, चितवन ।

होमस्टे सञ्चालन कार्यविधि, २०६७, नेपाल सरकार पर्यटन तथा ना.उ.म. सिंहदरबार, काठमाडौँ ।

भट्टराई, उदय, स्वरोजगारका लागि घरवास पर्यटन, कार्यपत्र प्रस्तुति, नारायणगढ चितवन, २०६८ ।

सुवेदी, विश्वराज, "ग्रामीण पर्यटन विकासमा होमस्टे, (पे.१०६), अरूणोदय, स्वर्णस्मारिका-२०६७ ।